# श्री चन्द्रागिरि नगरपालिका न्यायिक समिति

## चन्द्रागिरि नगरपालिका न्यायिक समिति

चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलम्बु, काठमाडौं बागमती प्रदेश, नेपाल

संयोजक : श्री बसन्ती श्रेष्ठ

सदस्य : श्री सीता मण्डल सत्याल

सदस्य : श्री रत्नलाल श्रेष्ठ

**बाट भएको निर्णय :**

मुद्दा नं. : ०८१-०१-००६

निर्णय नं. २९

दायरी मिति : २०८१/१०/०७

निर्णय मिति : २०८२/०१/३१

| | |
|---|---|
| तरी महर्जनको नाति बाबुलाल महर्जनको छोरा काठमाडौँ जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. १२ बस्ने वर्ष ६४ को चन्द्र बहादुर महर्जन ............................................१ | फिरादी<br>वादी |

**विरुद्ध**

| | |
|---|---|
| काठमाडौँ जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. १२ बस्ने वर्ष ५० की लक्ष्मी महर्जन ....................................................................................................१ | विपक्षी<br>प्रतिवादी |

**मुद्दा :- नापी नक्सा बमोजिमको बाटो र चोकको अवरोध हटाई न्याय गरी पाउँ ।**

**वादीको साक्षी :**

**प्रमाण :**

क) नागरिकता प्रमाण पत्रको प्रतिलिपी ...............१

ख) जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपी ...............१

ग) नापी नक्साको प्रतिलिपी .............................१

**प्रतिवादीको साक्षी :**

**प्रमाण :**

न्यायिक समितिबाट बुझेको :

**साक्षी :**

**प्रमाणहरू :**

क) मिति २०८१/१२/२० को आदेश बमोजिम १२ नं. वडा कार्यालयको मिति २०८२/०१/०७ प.सं. ०८१/०८२ च.नं. २६५१ पत्रको साथमा सर्जमिन मुचुल्का ................................................ २

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

१) काठमाडौं जिल्ला साविक बलम्बु गा. वि. स. वडा नं. ६ नक्सा सिट नं. १०२११३९१८ को कि. नं. २३ को क्षेत्रफल ५१.६८ वर्ग मिटर जग्गामा बनेको घर मेरो नाममा दर्ता प्रमाणित रहेको छ । मेरो जग्गाको पूर्व पश्चिमतर्फ कि.नं. २२, पूर्व उत्तरतर्फ सावर्जनिक चोक, उत्तर पश्चिम र उत्तरतर्फ सार्वजनिक चोक जनिएको कि. नं. ३ (सार्वजनिक बाटो समेत), पश्चिम दक्षिणतर्फ कि.नं. २४ को जग्गा रहेको छ । विपक्षीको घर जग्गा मेरो घर जग्गा भन्दा उत्तरतर्फ रहेको छ । सर्वे नापी नक्सामा मेरो जग्गामा आवत जावतको लागि स्पष्ट रुपमा बाटो जनिएकोमा परावूर्वकालदेखि उक्त खुल्ला सार्वजनिक चोक वाटोको रुपमा आवत जावत निकासको लागि प्रयोग गर्दै आएकोमा विपक्षीलाई जे जसोभएपनि झै झगडा कि न गर्नु भन्दा आपसमा बसेर बाटो प्रयोग गर्न दिनुहोस् भनि अनुरोध गर्दा समेत मान्नु भएन उल्टै उक्त बाटोको निकास बन्द गरी एकलौटी ढंगले चोक र बाटोलाई निजी सम्पत्ति झैं प्रयोग गरी मेरो घरको ढोकाबाट निस्कने ठाउँमा सिमेन्टको स्ल्याप राखी अवरोध गरी मेरो घरमा आउन जान समेत सो बाटो प्रयोग गर्न पाएको छैन । नेपालको संविधान धारा २५, मुलुकी देवानी संहिता, २०७४ को दफा २७६ (२), ३०६ (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ बमोजिम सर्वेनापी नक्सामा समेत प्रष्ट बाटो जनिएको हुँदा उक्त बाटोको अवरोध हटाई आवत जावत गर्नको लागि सहज वातावरण बनाई पाउँ भन्ने व्यहोराको वादी चन्द्र बहादुर महर्जनको फिराद माग दावी रहेको छ ।

**प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा :**

१) विपक्षीको नाउँमा जारी भएको म्याद निज लक्ष्मी महर्जनले मिति २०८१/१०/१५ गते दिउसो ३:३० बजे कानून तथा न्यायिक मामिला शाखामा आफैं उपस्थित भई बुझि लिई सो म्याद रितपूर्वक थाम्ने थमाउने समय समेत गुज्रेको भनि मिति २०८१/१२/१५ मा प्रमाणित भएको देखिन्छ ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

वादीले पेश गरेको नापी नक्सामा समेत बाटो देखिन्छ ।

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

वादीले सार्वजनिक रुपमा प्रयोग भई आइरहेको परापूर्वकालदेखिको प्रयोग भई रहेको बाटो र चोकको अवरोध हटाई बाटो खुलाई पाउँ भनि गर्नु भएको बहस समते सुनियो ।

**दुवै पक्ष बिचमा फरक परेको विषय :**

कि.नं. १९ बाट कि.नं. १४ को घर मुनिबाट कि.नं. ३ को चोकसम्म पुग्ने सार्वजनिक बाटो हो, होइन ? सार्वजनिक बाटोलाई नियमित गराउने नगराउने विषयमा मुख नमिलेको देखिन आयो ।

## निर्णय खण्ड

नियमबमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा वादीले कि.नं. ३ को सार्वजनिक चोकमा आउजाउ गरिरहेको कि.नं. १९ को जग्गा हुँदै कि.नं. १४ को घर मुनिको सार्वजनिक बाटोमा निर्माण भएको अवरोध हटाई बाटो सचारु गराई पाउँ भनि प्रस्तत गर्नभएको बहस सुनियो ।

उल्लिखित वादीले प्रस्तुत गर्नु भएको बहस जिकिर सुनी मिसिल संलग्न प्रमाण कागजातहरूको अध्ययन गरी प्रस्तुत मुद्दामा वादीको दावी बमोजिमको नापीनक्साको बाटो र चोकको अवरोध हटाई दिनुपर्ने हो, होइन सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

निर्णय तर्फ विचार गर्दा काठमाडौं जिल्ला साविक बलम्बु गा.वि.स. वडा नं. ६ कि. नं. २३ को क्षेत्रफल ५१.६८ वर्ग मिटर जग्गामा बनेको घरको पूर्व पश्चिमतर्फ कि.नं. २२, पूर्व उत्तरतर्फ सार्वजनिक चोक, उत्तर पश्चिम र उत्तरतर्फ सार्वजनिक चोक जनिएको कि. नं. ३ (सार्वजनिक बाटो समेत), पश्चिम दक्षिणतर्फ कि.नं. २४ को जग्गा रहेको छ । सर्वे नापी नक्सामा समेत स्पष्ट रुपमा बाटो जनिएकोमा परावूर्वकालदेखि सार्वजनिक चोक बाटोको रुपमा आवत जावतको निकासको लागि प्रयोग गर्दै आईरहेकोमा विपक्षीले बाटोको निकास बन्द गरी एकलौटी ढंगले चोक र बाटोलाई निजी सम्पत्ति झैं प्रयोग गरी मेरो घरको ढोकाबाट निस्कने ठाउँमा सिमेन्टको स्ल्याप राखी अवरोध गरी मेरो घरमा आउन जान समेत सो बाटो प्रयोग गर्न नपाएको हुँदा नेपालको संविधान धारा २५, मुलुकी देवानी संहिता, २०७४ को दफा २७६ (२), ३०६ (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ बमोजिम बाटोको अवरोध हटाई बाटो खुलाई पाउँ भन्ने माग दावी रहेको छ ।

विपक्षी लक्ष्मी महर्जको नाउँमा जारी भएको म्याद निजले मिति २०८१/१०/१५ गते दिउसो ३:३० बजे कानून तथा न्यायिक मामिला शाखामा आफैं उपस्थित भई बुझि लिई सो म्याद भित्र प्रतिउत्तर नफिराई रितपूर्वक थाम्ने थमाउने समय समेत गुजारी बसेको देखिंदा प्रतिवादीले कि.नं. १९ भएर निजको नाउँको कि.नं. १४ को घर मुनिबाट कि.नं. ३ को चोकसम्म पुग्ने बाटोको निकास भएको विषयमा विवाद नरहेको भनि स्विकार गरी बसेको देखिन्छ ।

विवादित बाटोको सम्बन्धमा मिति २०८१/१२/२० को आदेश बमोजिम १२ नं. वडा कार्यालयले मिति २०८२/०१/०७, प.सं. ०८१/०८२, च.नं. २६५१ पत्रको साथमा सर्जमिन मुचुल्कामा हामी वडावासी तथा छरछिमेकीहरूलाई सोधनी भई चित्त बुझी जाने बुझे सम्मको साविक बलम्बु गा.वि.स. वडा नं. ६ को नापी नक्सा सिट नं. १०२-११३९-१८ भएको कि.नं. १९ भएर कि.नं. १४ को घर मुनिबाट कि.नं. ३ को चोकसम्म पुग्ने उक्त बाटो सार्वजनिक बाटो र चोक रहेको व्यहोरा बुझिन आएकोले सोही अनुसारको सर्जमिन प्रतिवेदन र मुचुल्कामा समेतले परापूर्वकालदेखि सर्वसाधारणले चलन चल्तीमा रहि प्रयोग गर्दै आएको सार्वजनिक बाटोको निकासलाई अवरोध सिर्जना गरी बन्देज लगाउनु कानून विपरीत हुनजाने देखिन्छ ।

सानुमाया श्रेष्ठसमेत वि. दावा शेर्पिनीसमेतको ०६९-CI-०५९७ को निषेधाज्ञायुक्त परमादेश (श्री सर्वोच्च अदालत बुलेटिन २०७१, मङ्सिर ०२) मुद्दामा बाटोको हकमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६२/१०/१३ को निर्णयअनुसार व्यक्तिको स्वामित्वमा रहेको निजी बाटोलाई सार्वजनिक बाटो कायम गरेकोलाई मान्यता दिई सिद्धान्त प्रतिपादन भएको पाईन्छ । प्रस्तुत विवादमा सार्वजनिक बाटो भएर चोकमा पुग्ने निकास नै अवरोध गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) को देहाय (ठ) मा *"कसैको हक वा स्वामित्वमा भएपनि परापूर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, बस्तुभाउ निकाल्ने निकास, बस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्यष्टि स्थल, धार्मिक स्थल, वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको"* भन्ने व्यवस्थाको विपरीत वादीले निर्वाधरुपमा उपभोग गर्दै आएको उक्त कि.नं. १४ को घर मुनि भएर जाने बाटो निकासलाई थुन्नु वा रोक्नु कानूनविपरीत हुनजाने देखिदा चलन चल्तीमा रहेको सार्वजनिक बाटो र चोक सार्वजनिक रुपमा प्रयोग गर्न पाउने निर्णय गरियो । अरुमा तपसिल बमोजिम गर्नु ।

## तपसिल खण्ड

(क) विपक्षीलाई यस निर्णयमा चित्त नबुझे स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ५१ बमोजिम ३५ दिने म्याद प्रतिवादीलाई काठमाडौं जिल्ला अदालतमा पुनरावेदनको म्याद

(ख) सार्वजनिक सरोकारको विषय भएकोले कार्यपालिकालाई यस निर्णयको प्रतिलिपी सहित जानकारी गराउनु । ........................................................................................................२

(ग) कि.नं. १९ भएर कि.नं. १४ को घर मुनिबाट कि.नं. ३ को सार्वजनिक चोक सम्म आवत जावत गरी पुग्नलाई गरेको रहेको अवरोध नगर प्रहरी परिचालन गरी हटाउनु ...... ..........................३

(घ) प्रहरी वृत्त थानकोटलाई सार्वजनिक बाटो खुलाउन आवश्यक सुरक्षा प्रबन्ध गर्न लेखि पठाउनु । ........................................................................................................४

(ङ) निर्णयको नक्कल माग गर्ने सरोकारवालाबाट नियम बमोजिम लाग्ने नक्कल दस्तुर लिई नक्कल दिनु । ........................................................................................................५

(च) यस निर्णयको विद्युतिय प्रति अपलोड गरी सोको निस्सा निर्णयको पिठमा जनाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियम अनुसार अभिलेख शाखामा बुझाईदिनु । ....................६

२०८२।१।३१
रत्नलाल श्रेष्ठ
सदस्य

२०८२।१।३१
सीता मण्डल सत्याल
सदस्य

२०८२।१।३१
बसन्ती श्रेष्ठ
संयोजक

**निर्णय तयार गर्न सहयोग पुऱ्याउने**

चिरञ्जीवी खड्का

**न्यायिक सहजकर्ता**

निरञ्जन गोपाल बर्तौला शर्मा

इति सम्वत् मिति २०८२ साल बैशाख महिना ३१ गते रोज ०४ शुभम् ...........................